म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ३०४ २०८० असोज १३ गते शनिबार 30 September 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## बागमती प्रदेशको एमाले अध्यक्षमा ढुंगेल

हेटौँडाः नेकपा एमाले बागमती प्रदेश अध्यक्ष कैलाश ढुंगेल विजयी भएका छन् । शुक्रबार भएको निर्वाचनमा अर्का प्रत्यासी कृष्णप्रसाद दाहाललाई पछि पार्दै ढुंगेल अध्यक्षमा विजयी भएका हुन् । यसैगरी सचिवमा नवराज सिलवाल विजयी भएका छन् । सहमतिमा नेतृत्व चयन गर्ने प्रयास असफल भएपछि विद्युतीय मेसिनमार्फत् पार्टी कार्यालय च्यासलमा मतदान भएको थियो । मतदानमा ११३५ मत खसेको थियो । कैलाश ढुङ्गेल ६९६ मत पाउँदा दाहालले ४३९ मत पाएका छन् । यसैगरी सचिवमा नवराज सिलवाल ५६८ मतले विजयी हुँदा अर्का प्रत्यासी हस्त पण्डित एक मतले पछि परे ।

### प्राथमिक तहको शिक्षकको परीक्षा आज

## दृष्टिविहिन परीक्षार्थीलाई सहयोगी राख्न समस्या



शिक्षा विकास तथा समन्वय इकाईमा बिहिबार लेखन सहयोगीको पत्र बनाउन पुगेका दृष्टिविहिन परीक्षार्थी ।

समाज संवाददाता

हेटौँडाः शिक्षक सेवा आयोगले प्राथमिक तहको शिक्षक नियुक्तिअन्तर्गत आज शनिबार दोस्रो पत्रको परीक्षा सञ्चालन गर्दैछ । बागमती प्रदेशको परीक्षा आज हेटौँडामा हुँदैछ । प्रथम पत्रमा उत्तीर्ण तीन हजार ९९ उम्मेदवार परीक्षामा सहभागी हुनेछन् । परीक्षा सञ्चालनका लागि शिक्षा विकास तथा समन्वय इकाईले आवश्यक तयारी गरेको छ ।

परीक्षामा सहभागी हुने दृष्टिविहिन उम्मेदवारले भने समस्या झेल्नुपरेको गुनासो गरेका छन् । बिहिबार शिक्षा विकास तथा समन्वय इकाईमा भेटिएका दृष्टिविहिन उम्मेदवारले परीक्षामा लेखन सहयोगी राख्न समस्या भएको बताएका छन् । लोकसेवा आयोगको परीक्षामा आयोगले नै लेखन सहयोगीको व्यवस्था गरिदिने भए पनि शिक्षक सेवामा भने त्यस्तो व्यवस्था नभएको भन्दै उनीहरुले दुख व्यक्त गरेका छन् ।

प्राथमिक तहको शिक्षकको परीक्षामा सहभागी हुन सुर्खेतदेखि हेटौँडा आइपुग्नु भएका तोरण अधिकारीले लेखन सहयोगी व्यवस्थापनमा समस्या भइरहेको बताउनुभयो । २०६६ सालदेखि राहत शिक्षकको रुपमा कार्यरत अधिकारी प्रमुख विषय नेपाली लिएर स्नात्तकोत्तर उपाधि हासिल गरिसक्नुभएको छ । दृष्टिविहिनका लागि तयारीमा पनि समस्या हुने अधिकारीको भनाइ छ । श्रव्य सामग्रीको अभावमा दृष्टिविहिनलाई समस्या हुने उहाँको भनाइ छ । "कुनै पुस्तक आधिकारिकरुपमा श्रव्य बनाएर प्राप्त हुने अवस्था छैन । अरु कसैले श्रव्य ढाँचामा तयार पार्दा कपिराइटको अधिकारविरुद्ध हुने खतरा रहन्छ", अधिकारीले भन्नुभयो, "राज्यकै निकायले आधिकारिकरुपमा श्रव्य ढाँचामा तयार पारेर दिने व्यवस्था भए हामीलाई सहज हुन्थ्यो ।

परीक्षामा सहभागी हुन हेटौँडामा आइपुगेका दृष्टिविहिन उम्मेदवारहरुले अनलाइन कक्षाका कारण तयारीमा सहज भएको बताएका छन् । रौतहट जिल्लाका दिपेश कुमार बैठाले परीक्षामा दृष्टिविहिन उम्मेदवारलाई सबैभन्दा कठिन भएको दावी गर्नुहुन्छ । शारीरिकरुपमा सामान्य अपाङ्गता भएका व्यक्ति र पूर्णरुपमा दृष्टिविहिन व्यक्तिले समान अपाङ्गताको कोटामा प्रतिस्पर्धा गर्नुपर्ने व्यवस्था गलत भएको बैठाको भनाइ छ । दोस्रो पत्रको परीक्षाका लागि आएका दृष्टिविहिन उम्मेदवारहरु आफूहरु दृढ आत्मबलका साथ परीक्षामा सहभागी हुन हेटौँडा आएको बताएका छन् ।

## चिकित्सकमाथि आक्रमणको बिरोधमा प्रदर्शन

समाज संवाददाता

हेटौंडाः चिकित्सकमाथि आक्रमणको बिरोधमा हेटौंडा अस्पतालमा प्रदर्शन भएको छ । नेपाल चिकित्सक संघ मकवानपुरले देशभर चिकित्सकमाथि भइरहेको आक्रमणको बिरोधमा एक घण्टा अस्पतालमा सवै सेवा बन्द गरेर बिरोध प्रदर्शन गरेको हो ।

नेपाल चिकित्सक महासंघको निर्णयअनुसार देशैभरका अस्पतालमा बिरोध प्रदर्शन भइरहेका छन् । नेपाल चिकित्सक संघ मकवानपुरका अध्यक्ष डा. हरि खड्काको नेतृत्वमा अस्पतालका सम्पूर्ण चिकित्सक, नर्स र कर्मचारीहरु उपस्थित भई बिरोध प्रदर्शन गरेका हुन् । आन्दोलनमा उत्रिएका चिकित्सकहरुले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन पहिलो संशोधन २०७९ कार्यान्वयन गर्नुपर्ने माग राखेका छन् । पछिल्लो समय स्वास्थ्यकर्मीमाथि सांघातिक आक्रमणको घटनाक्रम बढ्दै गएको छ ।

## १७ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लामा शुक्रबार १७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले शुक्रबार दिउँसो सार्वजनिक गरेको विवरण अनुसार डेंगु संक्रमण पुष्टि हुनेमा १२ जना हेटौंडा उपमहानगरपालिकाका छन् । मनहरी गाउँपालिकाका ४ जना र भीमफेदी गाउँपालिकाका एकजनामा डेंगु संक्रमण पुष्टि भएको छ । साउन महिनायता मकवानपुरमा ५ सय ४७ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

## ७५ जनामा मोतिविन्दु पहिचान



समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा भएको निःशुल्क आँखा शिविरमा ७५ जनामा मोतिविन्दु पहिचान भएको छ । इन्द्रसरोवर गाउँपालिकामा ३ दिन शिविरको आयोजना गरिएको थियो । शिविरको अन्तिम दिन शुक्रबार १ सय ९६ जनाको आँखा परीक्षण गरिएको इन्द्रसरोवर गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारीले जानकारी दिनुभयो ।

इन्द्रसरोवर गाउँपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा आँखा शिविर भएको हो । मोतिविन्दुका विरामीहरुको इन्द्रसरोवर ग्रामीण आँखा केन्द्रले कुलेखानीमा आज शनिबार निःशुल्क शल्यक्रिया गरिनेछ । पहिलो दिन २३ जना, दोस्रो दिन ३१ जना र तेस्रो दिन २१ जनामा मोतिविन्दुको समस्या देखिएको थियो । स्वास्थ्य शाखा प्रमुख मन्नुनाथ अधिकारी पालिकाले अनुमान गरे भन्दा बढी संख्यामा मोतिविन्दुको समस्या पहिचान भएको बताउनुहुन्छ ।

## मानवसेवा आश्रमद्वारा ४ जनाको उद्दार

समाज संवाददाता

हेटौंडाः मानवसेवा आश्रमले शुक्रबार २ महिला र २ पुरुष गरी ४ जनालाई उद्दार गरेको छ । हेटौंडा उपमहानगरपालिकाले दिएको जानकारीका आधारमा मानवसेवा आश्रमले हेटौंडा-४ स्थित भुवनेश्वर महादेव मन्दिर परिसरबाट उनीहरुलाई उद्दार गरिएको मानवसेवा आश्रमकी उमा भण्डारीले जानकारी दिनुभयो ।

आश्रमले ५५ वर्षीय राजकुमार प्रजा, ३० वर्षीय रमेश बिक, ५५ वर्षीया ललिता थापा मगर र ४२ वर्षीया सीता अधिकारीलाई पनि उद्दार गरेको जनाएको छ । उद्दार गरिएका प्रजाको घर हेटौंडा-११, थानाभऱ्याङमा रहेको पहिचान भएको र परिवारको जिम्मा लगाइएको छ । बिकको घर चुरियामाईको भोर्लेमा रहेको बताइएको छ । यस्तै मानवसेवा आश्रमले उद्दार गरेकी मगरको घर हेटौंडा-८, कमाने भएको र अधिकारीको घर गोर्खा जिल्लाको तेह्रकिलो भएको भण्डारीले बताउनुभयो । आश्रमले उद्दार गरेका व्यक्तिलाई परिवारमै पुनर्मिलन गराउने र परिवार नभएकालाई आश्रममै राखेर लालनपालन गर्ने गरेको छ ।

## सोह्रश्राद्ध किन ?



गोविन्द घिमिरे

आजबाट सुरु भएको यस बर्षको सोह्र श्राद्ध, पितृमा आस्था र विश्वास राख्नेहरुका लागि पितृसाधनाको सुयोग परेको देखिन्छ ।

*सूर्ये कन्यागते श्राद्धं यो न कुर्यात् गृहाश्रमी ।*
*धनं पुत्राः कुतस्तस्य पितृनिःश्वासपीडनात् ।।*

सूर्य कन्या राशिमा हुँदा अर्थात् असोज महिनामा कृष्णपक्षको १५ दिन र आश्विनशुक्ल प्रतिपदा तिथिसहित १६ दिनमा गरिने श्राद्धलाई सोह्र श्राद्ध भनिन्छ । पितृहरुको पर्वको रुपमा मनाइने भएकाले यसलाई पार्वण श्राद्ध भनिन्छ भने यो पक्षलाई पितृपक्ष भन्ने गरिन्छ । पुत्रले श्रद्धायुक्त भई दिवङ्गतका लागि सात्विक कर्म गर्नु नै श्राद्ध हो । उचित समयमा उचित स्थानमा उचित विधिद्वारा पितृहरूको उद्देश्य गरेर श्रद्धापूर्वक सत्पात्रमा जुन दिइन्छ त्यही श्राद्ध हो । जसले आफ्ना पितृलाई सम्झेर श्राद्ध गर्दैन त्यसका पितृहरु दुःखको सुस्केरा लगाउँदै धन र सन्तानरहित बनाउँदछन् । असल सन्तानले आफ्ना पिताका लागि जीवनमा तीन कर्म गर्नु पर्दछ भनी श्रीमद्देवीभागवतमा भनिएको छ ।

*जीवतो वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।*
*गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ।*

बाँचुञ्जेल पिताले भनेको मान्ने, मृत्युतिथिमा श्राद्ध गरी धेरै प्राणीलाई भोजन गराउने र मृत्युपरान्त पवित्रस्थलमा गएर तीर्थ श्राद्ध गऱ्यो भने मात्र असल छोराको कर्तव्य पूरा हुन्छ । सोह्र श्राद्धमा प्रतिदिन पार्वणश्राद्ध गर्नु पर्छ, सकिँदैन भने आफ्नो पिताको तिथिमा एकदिन मात्र भने पनि पार्वणश्राद्ध गर्नुपर्छ । यदि अफ्नो पिताको तिथिमा श्राद्ध गर्न मिलेन भने अष्टमी, द्वादशी, औंसी तिथिमा वा यी दिनमा पनि मिलेन भने १६ दिन मध्ये निषिद्ध तिथिबाहेक अरु कुनै एक तिथिमा या त्यसमा पनि मिलेन भने कार्तिककृष्ण अमावस्या (गाईतिहारे औंसी) वा पितृदिवसमा गर्नु पर्छ ।

### श्राद्ध किन गर्ने ?

जसरी कुनै आमाले गर्भपोषणका निम्ति अरुद्वारा दिइएको अन्न उपभोग गरी स्वयंतृप्त हुन्छिन् र आफ्नो गर्भस्थ शिशुलाई पनि तृप्त तुल्याउँछिन् त्यसैगरी देवदत्तादि पितृवर्ग, पिता, पितामह, प्रपितामह आदिले क्रमशः वसु, रुद्र र आदित्य रूपका अधिष्ठातृ देवता मानी पुत्रादिले श्राद्ध गर्दा ती बसु आदि अधिष्ठातृ देवताहरूले पुत्रादिद्वारा दिइएको जल अन्न पान गरी स्वयं तृप्त हुन्छन् । देवदत्त आदि पितृहरूलाई पनि तृप्त तुल्याउँछन् । श्राद्धकर्ता पुत्रादिहरूलाई पनि आयु, सन्तान, धन, विद्या, मोक्ष, सुखादि प्रदान गरेर प्रत्युपकार गर्दछन् ।

*यथा गर्भपोषणायान्नदत्तेन संयोजयन्ती (मिताक्षरा-याज्ञवल्क्य)*

पूर्वजहरुको रक्तवीर्यादिद्वारा निर्माण भएको यो शरीर शुद्ध राखी सात्विक विचार र व्यवहारलाई अनुशीलन गर्दा आनुवंश्य (जिन) का रुपमा हामीसँगै रहेका पितृअंश प्रसन्न हुने र हाम्रै शरीरलाई विभिन्न प्रकारले लाभ हुने भएकाले अघिल्लो दिनबाटै शरीर र विचार शुद्ध राख्नु पर्दछ । अन्नराज जौ र शक्तिबर्धक तिल पितृस्वरुप पिण्डमा अर्पण गर्नुले पनि पिण्डरुप हाम्रो शरीर जौ तिल जस्ता भक्ष्यपदार्थले परिपाक हुनु पर्दछ र जस्तो ब्रह्माण्ड त्यस्तै पिण्ड (शरीर) हुने भएकोले आफ्नै स्वत्वभित्र पितृको अनुभुति गरियो भने यो सत्वले २७ तत्वको संधान भएको देहको माध्यमद्वारा स्थावर जङ्गमसहित सम्पूर्ण ब्रह्माण्डलाई तुष्टि गरेको ठहर्दछ ।

*वागादि पञ्च श्रवणादि पञ्च, प्राणानि पञ्चभ्रमुखानि पञ्च ।*
*बुद्ध्याद्यविद्यापि च कामकर्मणो, पुर्यष्टकं सूक्ष्मशरीरमाहुः ।। (विवेक चूडामणि*

पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रीय, पाँच प्राण, आकाशादि पञ्चमहाभूत, अन्तःकरण चतुष्टय (मन, बुद्धि, चित्त, अहंकार) अविद्या, काम र कर्म ३ गरी २७ तत्वमा स्थूल शरीरमा पृथ्वी, पानी, तेज, वायु र आकाशादि पञ्चमहाभूत र पञ्च कर्मेन्द्रिय पर्दछन् भने बाँकी १७ सूक्ष्म शरीर । श्राद्धको माध्यमद्वारा यिनै ब्रह्माण्डिय तत्वहरुको परिपोषण हुने भएकाले श्राद्ध पितृ तृप्तिका लागि मात्र नभई समग्र जीवजगतको परितुष्टिको व्यवस्था हो । श्राद्धं नाति विस्तारयत् भनेकाले धनी (गरीब सबैले आफ्नो गच्छेअनुसार पितृको श्राद्ध गर्नु पर्छ । श्रद्धाले दिनु नै श्राद्ध भएकोले आर्थिक अभाव भए पनि आफूले सोझो कमाई गरेर ल्याएको शुद्ध धनले किनेको साग मात्र दान गर्नाले पनि श्राद्धपूर्ण हुन्छ र पितृ प्रसन्न हुन्छन् । तस्माच्छ्राद्धं नरः कुर्यात् शाकैरपि यथाविधिः । (धर्मसिन्धुः) जुन कुलपरम्परामा श्राद्ध परित्याग गरिएको छ त्यस्तो कुलमा वीरहरु, निरोगीहरु र लामो आयु भएकाहरु जन्मदैनन् । त्यसैकारण हरेकले आआफ्नो सामर्थ्य अनुसार श्राद्ध गर्नु पर्दछ । व्यक्तिले भक्तिसाथ शाकद्वारा मात्र भए पनि श्राद्ध गरुन् । यदि गरिवीका कारण श्राद्धकर्तासङ्ग कुनै सामग्री छैन भने एकान्तमा गई हातका दुवै भुजा आकाशमा उठाएर यो मन्त्रले प्रार्थना गर्नु पर्दछः- न मेऽस्ति वित्तं न धनंचनान्यच्छ्राद्धोपयोग्यं स्वपितृन्नतोऽस्मि। तृप्यन्तु भक्त्या पितरो मया एतौ कृतौभुजौ वर्त्मनि मारुतस्य । (विष्णुपुराण)

हे पितृगण ! मसँग श्राद्धका लागि उपयुक्त धनधान्यादि केही पनि छैन, केवल श्रद्धा र भक्ति मात्र छ । यही श्रद्धा एवम् भक्तिद्वारा म यहाँहरूलाई तृप्त तुल्याउन चाहन्छु, तृप्त हुनुहोस्, शास्त्रको आज्ञा अनुसार मैले दुवै हातलाई आकाशमा उठारहेको छु । मेरो हातभित्र केही छैन, मात्र श्रद्धा अर्पण गर्दछु । यसरी आफैभित्र रहेको पितृभूत अंशको स्मरण गर्दै पुर्खाप्रति सम्मान प्रकट गर्ने पर्वको रुपमा सोह्र (पार्वण) श्राद आत्मविनयी भएर गर्नु पर्दछ ।



तस्वीर गुगल ।

### सोह्रश्राद्ध कुन तिथि कहिले पर्छ ?

### २०८० असोज (सोह्रश्राद्ध अपरान्हमा गर्नुपर्छ)

१३ गते शनिबार प्रतिपदा श्राद्ध १३:५९ बजेसम्म तत्पश्चात द्वितीया श्राद्ध । १४ गते आइतबार तृतीया श्राद्ध १२:१२ पछि । १५ गते सोमबार चतुर्थी श्राद्ध १०:४४ पछि । १६ गते मंगलबार पञ्चमी श्राद्ध ०९:४२ पछि । १७ गते बुधबार षष्ठी श्राद्ध ०९:०७ पछि । १८ गते बिहिबार सप्तमी श्राद्ध ०९:०१ पछि । १९ गते शुक्रवार अष्टमी श्राद्ध ०९:२७ पछि । २० गते शनिबार नवमी श्राद्ध १०:२३ पछि । २१ गते आइतबार दशमी श्राद्ध ११:४६ पछि । २३ गते मंगलबार एकादशी श्राद्ध, मघाश्राद्ध १५:३३ सम्म । २४ गते बुधबार द्वादशी श्राद्ध १७:४० सम्म । २५ गते विहिबार त्रयोदशी श्राद्ध १९:४२ सम्म । २६ गते शुक्रबार चतुर्दशी श्राद्ध २१:२८ सम्म । २७ गते शनिबार औंसीश्राद्ध २२:५३ सम्म ।

# नेपालमा बसोबास गर्ने जातजाति



**✍ आध्या कोइराला**

हाम्रो नेपाल बहुजातीय र बहुभाषीय राष्ट्र हो। वंश परम्परा, धर्म, गुण, आकृति, बासस्थान आदिका आधारमा विभाजित मनुष्यको वर्गलाई जात भनिन्छ। शारीरिक बनावट, आकारप्रकार, गुण, स्वभाव आदिका आधारमा चिनिने जातीय समूहलाई जाति भनिन्छ। नेपालमा विभिन्न प्रकारका जातजातिहरुको बसोबास रहेको छ। नेपालमा १२५ जातजातिहरु बसोबास गर्छन्। आज म केही जातजातिहरुका विषयमा लेख्दैछु।

**१) ब्राम्हण जाति:**

ब्राम्हण हिन्दू समाजको एक जाति हो। ब्राम्हणलाई विद्वान, सभ्य तथा शिष्ट मानिन्छ। ब्राम्हणलाई बाहुन पनि भनिन्छ। ब्राम्हण समाजको इतिहास प्राचिन भारत बर्षको वैदिक धर्मबाट आरम्भ हुन्छ। हिन्दू समाजमा ऐतिहासिक स्थिति यो छ कि पारम्परिक पूजारी तथा पण्डित नै ब्राम्हण हुन्छन्। उनीहरु पूजाआजामा रुची राख्ने, कन्यादान तथा गौदान जस्ता दानहरु लिने दिने गर्छन्। कोइराला, अधिकारी, दाहालआदि ब्राम्हण जातिका उदाहरण हुन्। यो जातिले दशैं, तिहार, तीज आदि पर्व मनाउँछन्।

**२) तामाङ जाति:**

तामाङ जाति नेपालको आदिवासी जनजातिहरु मध्येको एक जाति हो। यो आफ्नै भूगोल भएको जाति हो। उनीहरुले आफ्नो भूगोललाई ताम्सालिङ भन्ने गरेका छन्। यो नेपालको प्राचिन जातिहरु मध्येको एक हो। नेपाल सरकारले सूचीकृत गरेको ७९ आदिवासी जनजातिहरु मध्येको तामाङ पनि एक हो। यस जातिको आफ्नै भूगोल, धर्म, इतिहास, भाषा, भेषभूषा, रहनसहन, सामाजिक संरचना, संस्कार एवम् सामाजिक साँस्कृतिक मान्यता रहेका छन्। यस जातिको मुख्य बसोबास क्षेत्र काठमाडौं उपत्यका र आसपासका जिल्लाहरु मकवानपुर, चितवन, रसुवा, काभ्रेपलाञ्चोक आदि हुन्। यस जातिलाई चिनाउने मुख्य माध्यम भाषा नै हो। नेपालका विभिन्न जीवित भाषाहरु मध्ये तामाङ भाषा निकै अगाडि छ। यी जातिहरु बौद्ध र हिन्दू दुवै धर्म मान्दछन्। तामाङ समुदायमा न्वारान अर्थात् बच्चाको नाम राख्ने, नाक कान छेड्ने, छेवार गर्ने, गुन्युचोली दिने, विवाह र घेवा अर्थात् मृत्युपछिको अन्तिम संस्कार आदि प्रचलित छन्।

**३) लिम्बु जाति:**

नेपालमा बसोबास गर्ने एक मूलबासी किराँत समूदाय भित्र पर्ने जाति लिम्बु हो। याक्थुङ र सुब्बा पनि भनिने लिम्बुहरुको पुरानो याक्थुङलाजे फेदाप राज्यको वा पूर्वी नेपालका पहाडी क्षेत्र र अझ कोशीपूर्व र मेचीवारी क्षेत्रका रैथाने हुन्। शाब्दिक अर्थमा 'धनुर्धारी' हुन आउँछ। उनीहरुलाई लिम्बु भाषामा याक्थुङ भनिन्छ। लिम्बुहरुको धार्मिकग्रन्थ मुन्धुम हो भने दाङमा साम्बा, रोबा र सेवा साबाहरु पुजारी हुन्। मुन्धुममा आधारित किरात धर्म मौलिक धर्म हो। यिनीहरु माघि, साउने सक्रान्ति आदि पर्वहरु मनाउँछन्। यो जातिले नगरा, केसाङ आदि प्रयोग गरेको पाइन्छ। यो जातिमा धान नाच पनि प्रचलित छ।

**४) नेवार जाति:**

नेवार भन्ने शब्दले एउटा भाषिक समुदायलाई जनाउँछ। उनीहरुको मूलथलो काठमाडौं उपत्यका हो। यस समुदायमा पेशाका आधारमा वर्ण, जात र थरहरु छुट्याइएको छ। नेवार समुदायभित्र ४ वर्ण र २८ वटा पेशागत नेवारहरुको छाता संगठन नेवाः देय दबू अन्तर्गत संगठित छन्। नेवार जातिको कोचा, खि आदि बाजाहरु छन्। नेवारहरु जन्मेदेखि मृत्युसम्म पर्वअनुसारको खाना खान्छन्। यिनीहरु गाईजात्रा, घोडेजात्रा, शिवरात्री आदि पर्व मनाउँछन्। यस समुदायमा विभिन्न प्रकारका नाचहरु हुन्छन्। नेपाल भाषा नेवारहरुको मातृभाषा मात्र होइन, यो भाषा काठमाडौं उपत्यकाका राज्यहरुमा प्रचलनमा रहेको राष्ट्रिय भाषा हो।

**५) राउटे जाति:**

यो जाति खस आर्य समुदायको पिछडिएको नेपालको लोपोन्मुख आदिवासी हो। मध्य-पश्चिमको सल्यान तथा आसपासका जिल्लामा फिरन्ते जीवन बिताउने राउटे जातिले खस भाषा बोल्दछन्। आधुनिक नेपाली भाषा पनि राम्रोसँग बोल्न र बुझ्न सक्दछन्। यिनीहरु प्रायःजसो बाँदर लगायतका अन्य जंगली जनावरको सिकार गर्ने र कन्दमूल, फलफूल र अन्य वनस्पति खाएर बाँच्ने गर्दछन्। विशेष गरेर राउटे जातिले लठ्ठी-लौरो बाजा, मजिरा, मादल र ढ्यांग्रो प्रयोग गरेको देखिन्छ।

राउटेहरुको खास क्षेत्र कर्णाली, महाकाली, सेती, भेरी र राप्तीका पहाडि भूभाग हो। फिरन्ते जीवनशैली भएका उनीहरु ती क्षेत्रका जङ्गली पखेराहरुमा बसोबास गरेको पाइन्छ। उनीहरु कर, तिरो तिरेर, खेतिपाती गरेर गाउँमा बस्नुलाई र अर्काको सित्तैमा खानुलाई पाप मान्दछन्। उनीहरु बसाईं सर्दा एकपटक मान्छे मरेको स्थानमा फेरी जाँदैनन्। पुरुषले फेटा, टोपी र महिलाले चोली, फरिया, गादोका साथै फलाम र पित्तलका गहनाहरु पनि लगाउँछन्।

**६) थारु जाति:**

थारु जाति नेपालको मेचीदेखि महाकालीसम्म मध्य-पश्चिम भूभागमा रहेको सुर्खेत उपत्यका, देउखुरी उपत्यका, चितवन, माडी, मरिनखेल र कमलामाई उपत्यका र नेपालको समग्र तराई र उत्तर भारतको आदिवासी जाति हो। यो जातिलाई नेपाल सरकारले लोकजातिकोरुपमा मान्यता दिएको छ। यो नेपालको तराई क्षेत्रमा सबभन्दा बढी जनसंख्या भएको जाति हो। थारु जाति कैयौं वर्षदेखि तराईको घना जङ्गलको बीच-बीचमा बसोबास गर्दै आएको छ। दाङ्गमा बसोबास गर्ने थारुलाई 'दङ्गौरा थारु' भनिन्छ भने त्यहाँ उनीहरुको राज्य नै रहेको प्रमाण पनि फेला परेको छ। यो जाति आफ्नै मातृभाषा बाहेक भोजपुरी र मैथिली भाषा बोल्दछन्। थारु आफ्नै संस्कृतिमा रमाउने जाति हो। उनीहरु विहानको खानालाई कल्वा र दिउँसोको खाजालाई मिन्ही र साँझको खानालाई बेरी भन्दछन्। उनीहरुको चाडवाडमा पुरोहितको ठूलो भूमिका हुन्छ। विवाहमा केटी पक्षले केटा पक्षका साथीहरु र जन्तीलाई जथाभावी सराप दिने र गाली गर्ने चलन छ। उनीहरुको मुख्य पेशा खेतिपाती र पशुपालन हो। र उनीहरु हिन्दू धर्म मान्छन् र दशैं तथा माघी पर्व मनाउँछन्।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# भ्रम र यथार्थ



**✍ रिमा घिमिरे**

म उड्न चाहन्छु
स्वतन्त्र भई
आफ्ना इच्छाका पखेटा
खुल्ला फिजाई
अङ्गालो हाली त्यो खुल्ला
र फराकिलो निलो गगनलाई
ए चरी
मलाई उड्न तिम्रो
पखेटा सापटी नदिए पनि
तिमीजस्तै उड्न
सिकाउनु है

म मुस्कुराउन चाहन्छु
मेरा पीडालाई भुलेर
ए बिहानी
तिमी मलाई
निशाको अन्धकार पछिको
उजेली उषा भएर आएझैं
जीवनको हरेक क्षण
मुस्कुराउन सिकाउनु है
म पनि आफूमा
अझैं सौन्दर्यता थप्न चाहन्छु
मेरो रूप सुन्दर पारी
निखार ल्याउन चाहन्छु
ए वन जङ्गल
ए प्रकृति मलाई पनि
तिमीजस्तै हराभरा र
सुन्दर बनाउनु है

मलाई डाहै लाग्छन्
तिम्रा ती टलटल टल्किने
चाँदीजस्ता सौन्दर्य देख्दा
ए हिमाल मलाई पनि
तिमीजस्तै टलटल टल्काउनु
र चम्काउनु है
म पनि फक्रन
फुल्न चाहन्छु रम्न र
रमाउन चाहन्छु
लालीगुराँसका लाली
रङ सापटी मागी
मेरा गाला, अधर अनि
मेरो यौवन रङ्ग्याउन चाहन्छु
ए फूल मलाई तिम्रो रङ र
आकर्षण सापटी देऊ न है
रातमा टल्किइएका
टिलपिल सितारालाई म मेरो
केशराशिमा सजाई
श्रृङगारिन चाहन्छु
जूनको शीतलतामा तिम्रो
सामिप्य महशुस गरी
तिम्रो अधरको मधुर
मुस्कान सम्झी
म आफैं पनि
मन्द मन्द मुस्कुराउन चाहन्छु

ए जून
मलाई तिमीजस्तै शान्त र धैर्यवान
रहन सिकाऊ न है
त्यो उज्यालो घाम
क्षितिजपारी नडुब्दासम्म धैर्य गरी
प्रतीक्षा गर्न सिकाऊ न है
पूरा गर्न नसकेका मेरा इच्छा
व्यक्त नभएका मेरा भावना
थाति नै रहेका सपना
विपनामा पूरा नहुँदा
म मस्त निन्द्रामा निदाइरहँदा
हे निन्द्रादेवी
तिमी मिठो सपनी देखाई
मेरा सपना पूरा गराउन है

यथार्थमा सबै कुरा
पूरा होलान् नहोलान्
त्यसैले ए जिन्दगी तिमी मलाई
भ्रमको कल्पनामा बाँच्न
र कल्पनामै डुब्न सिकाऊ न है
नवप्रभातको नवकिरणसँगै
ए जिन्दगी तिमी मलाई
नयाँ जोस, नयाँ उत्साह र
जाँगरका साथ
फेरि नयाँ दिनको
सुरूवात गर्न सिकाऊ न है ॥॥॥

*हेटौंडा*

# नारी शक्ति



**✍ प्राप्ति चौलागाईं**

अरुको गिद्दे नजर
हेरी हेरी हुर्केकी हुँ म
आमाको आँश र
बुवाको परिश्रम देखी
लुकेकी छैन म

जन्मिनु अघि
युद्ध जितेर
आएकी हुँ म
आफ्नो सामु गलत
अन्याय देख्न सक्दिनँ म

सानैदेखि आमाले स्वाभिमानी र
बुवाले योद्धा बन्न सिकाउनु भयो
'अरुको अघि नडराउ
है छोरी' भनेर बुझाउनुभयो
बस्न सक्ने छु म
आफ्नो सिद्धान्तमा
समाजसँग लडेर

स्वाभिमानी सोच
राखेकी मैले
समाज अघि डराउनु
पर्ने त छैन नि अहिले
आजको युवाशक्ति
भनेर चिनिन्छ मलाई
रोक्न चाहान्छु म
खाडी मुलुकमा
जाने सबैलाई


आफ्नो देशलाई प्रगतिको
बाटोमा हिँडाउन
चाहान्छु म
नारी भएतापनि
पुरुष कै काम गरी
आमाको मुहारमा खुसी
ल्याउन चाहान्छु म

राणा कालदेखि रा
जाको शासनसमेत सकियो
दुनियाँ अगाडि बढिसक्यो
कहिले परिवार चलाउने
नारीलाई देश चलाउने
मौका दिएर त हेर
अनुहार बदलेझै छ
यो देशको हरेक क्षेत्र क्षेत्र

सानै छँदा जसले
गिद्दे नजर लगाए नारी माथि
बजार्ने छु त्यही
चुरा लगाउने
हातले समाएर लठ्ठी ॥


*कक्षा १२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*


# चित्रकला





**सुयोग श्रेष्ठ**
कक्षाः- ४
ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





**दिपासना थापा**
कक्षाः- १०
जिएस निकेतन, हेटौंडा-५

# आमा



**✍ सुमी थिङ**

नौं महिना गर्भमा राखी आमाले जन्म दिन्छिन्। सन्तानको मायाका लागि मर्छिन्। संसारमा आमाले सन्तानलाई भन्दा बढी माया अरु कसैलाई गरेकी हुन्नन्। नौं महिना गर्भमा राख्दा कति पीडा हुन्थ्यो होला ! सन्तान जन्माएपछि पनि हुर्काउन, बढाउन, पढाउन धेरै गाह्रो हुन्छ होला। यतिमात्रै गरेर पनि हुँदैन, सन्तानको ईच्छा पूरा गर्नुपर्छ। यति दुःख गरी-गरी हुर्काउनु पर्छ आमाले। त्यही आमालाई बुढेसकालको सहारा हुनुको बदला कोही सन्तानले हेला गर्ने निस्ठुरी हुन्छन् भने कोही आमालाई माया गर्ने, दुःख बुझिदिने हुन्छन्। आफ्नै जन्मदातालाई हेला गर्ने सन्तान देख्दा कोहीलाई त सन्तान पनि जन्माउन मन लाग्दैन होला।

आमा दुर्गाकी रुप हुन्। सन्तानलाई केही गाह्रो पर्दा त्यही आमाले सजिलो तुल्याई दिन्छिन्। सन्तानलाई केहीको पनि कमी हुन दिन्नन्। माया के हो भन्ने कुरा आजसम्म मैले आमाबाटै सिकेकी छु। मेरी आमा पनि त्यस्तै हुनुहुन्छ। म बिरामी हुँदा पनि रातमा नसुती मलाई पानीपट्टी गरेर बस्नुहुन्छ। म मेरी आमालाई कहिले पनि एक्ली पार्दिनँ। एक्लो महशुस हुन दिन्नँ।

आमाले ताते-ताते गरेर पाइला चाल्न सिकाउँछिन्, बोल्न सिकाउँछिन्। आफु भोकभोकै बसी हामीलाई खुवाउँछिन्। हामीले खाइसकेपछि मात्र आमाले खाने गर्छिन्। यो हरेक आमाको बानी हो। मेरी आमाको पनि यस्तै बानी छ। कृपया सबैलाई भन्न चाहन्छु कि कसैले पनि आफ्नी आमालाई हेला नगरुन् र आमालाई खुसी राख्ने कोशिस गरुन्।

*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# मनको बाटो



**✍ अनुषा उप्रेती**

के गरौं त म ?
यही प्रश्नले दिन रात सताइरहन्छ
यही सोचले मस्तिष्क अल्मलाइदिन्छ
सन्तोष मैले दुवै विकल्पमा पाइनँ
आखिर मेरो जिन्दगीको सार नै अब रहेन

मानिस सानोतिनो कुरामा त खुसी हुन्छ नै
म किन सानै कुरामा अल्झिरहेँ
जति नै समाधानका बिछ्यौना बिछ्याए पनि
यो असन्तुष्ट मनले
न्यानो सिरानीको आभास कहिल्यै गर्न सकेन

असम्भव कुरामा पनि
झिनो भए नि आश राख्ने
यो मन
यथार्थलाई त्यागी कल्पनाको समुन्द्रमा
डुबिरहने यो मन
भन्छौं हामी आखिर मनै त हो
र अवश्य पनि यो मनै त हो।

जिन्दगीले अनौठो पाइला चालिरहँदा
अन्यौलमा पर्छु म
त्यही पाइलालाई अँगाल्दै अघि बढौं
या त
त्यसबाट छुटिएर नै बसौं

*कक्षा ९, नवोदय शिशु सदन*

**तपाईंका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**
sambridhasamaj@gmail.com
**समृद्ध समाज राष्ट्रिय दैनिक**

# स्वर्गजस्तो मेरो देश



✍ **रूपेश यादव**

पृथ्वीमै एक स्वर्ग जस्तै छ मेरो देश
अनेकौं धर्म, संस्कृति मानी लगाएका छन् भेश
विदेशमा होइन, स्वदेशमै रोजगार बन्न पाउँ
देशको शान दुनियाँलाई देखाई स्वदेशमै रमाऊ

हलो बोक्दै गोरु जोत्दै, बाँचेका छन् किसान
यिनै हो हाम्रा गौरव, इज्जत देशको शान
मिहिनेत र परिश्रम गरी बगाउँदै छन् पसिना
देशको वीर बनी झार्न दिएनन्, यहाँ पसिना

पूर्व जोगाई, पश्चिम जोगाई बनेछन् सहिद सारा
हजारौं नदि, पहाड जोगाई बनेछन् नेपाल प्यारा
खुकुरीको बल बुद्धिको प्रयोग देखायौं भाइचारा
बुद्धको जन्मभूमि भनी चिनायौं एशियाको तारा

सूर्य जस्तै देशमा उज्यालो हामी फैलाउँ
देशलाई आज्ञाकारी र पारिश्रमिक बनाउँ
फुल जस्तै फुली एकताको भावना जगाउँ
हरेक गाँसको खानाको महत्व बुझेर खाउँ

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

# गजल



✍ **सरला पौडेल**

तिम्रै मुहार हेरी सधैँ मेरो बिहानी होस् ।
तिम्रै हात सधैँभरी मेरो सिरानी होस् ॥

लामो यात्रा हिँडाएर कयौँ वर्ष कुराएर
बिधाताले पठाएको होला तिमी जुराएर

तिम्रै साथ हिँड्नपाऊँ जस्तो बिरानी होस्
तिम्रै हात सधैँभरी मेरो सिरानी होस् ।

हातको माला लगाएर प्रेमधारा बगाएर
मोहिनी रुप देखाउँछ्यौ बेहुली झैँ लजाएर

अचानोमै राख्छु मुटु जति चिरानी होस्
तिम्रै हात सधैँभरी मेरो सिरानी होस् ॥

*हेटौँडा-४, हुप्रचौर*

# मेरो देश



✍ **अमित यादव**

मेरो देश नेपाल
विश्वमा सिङ्गौ एउटा विशाल
छन् यहाँ धेरै ठुला ठुला हिमाल
प्राकृतिक सौन्दर्यमा सबैभन्दा धनी नेपाल ।

प्यारो लाग्छ मलाई मेरो देश
छन् यहाँ विभिन्न भाषा भेष
बस्छन् नेपालमा विभिन्न जातजाति
तर कहिल्यै हुन्न उनीहरुबीच आनाकानी

हुन्छन् नेपालीहरु धेरै सिपालु
शत्रु नै भएपनि हुन्छन् दीनमाथि दयालु
गुलामी कसैको गरेन नेपाल
देशद्रोही यदि छ भने माथ पनि ताक्न हुन्छन् तयार ।

टुक्रामा रहेको नेपाललाई
वीर पुर्खाले बनायो एउटा सिङ्गौ राष्ट्र
तर छन् आजभोलि
अन्याय र भ्रष्टाचारको राज्य ।

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

# मानिस कसरी चिनिन्छ ?



✍ **सुदिक्षा थापा**

मानिस श्रृङ्गारिएको अनुहारले होइन,
ऊ भित्रको असल व्यवहारले चिनिन्छ ।
मानिस छलकपट कुकर्मले होइन,


ऊ भित्रको इमान्दारिताले चिनिन्छ ।
मानिस आफूमा भएका तागत र शक्तिले होइन,
ऊ भित्रको बौद्धिकताले चिनिन्छ ।
मानिस इर्ष्या र घमण्डीपनले होइन,

ऊ भित्रको सकारात्मक सोचले चिनिन्छ ।
मानिस उसले लगाएको गरगहनाले होइन,
ऊ भित्रको निस्वार्थ प्रेमले चिनिन्छ ।
मानिस धन, पैसाले होइन,

ऊ भित्रको सहयोगी भावले चिनिन्छ ।
हे जगतका सारा मानव हो
हजुरले मानिस चिन्न गल्ती गर्नुभयो भने,
हरेक मानवको जीवन अर्थहीन बन्न पुग्छ

*कक्षा-७, कमाने एकेडेमी, हेटौँडा-८*

# समय



✍ **सरोजप्रसाद साह**



समय नै मित्र हो
समय नै शत्रु हो

समय मिचीमिची हँसाउँछ
समय नै रगतको आँसु रूवाउँछ
समय नै रगतको आँसु रूवाउँछ

समय नै मित्र हो
समय नै शत्रु हो

न आकार यसको

न चित्र नै यसको
तर यसले संसार, इच्छाले चलाउँछ
तर यसले संसार, इच्छाले चलाउँछ

समय नै मित्र हो
समय नै शत्रु हो

कर्मको जस्तो चक्रमा फसाउँछ
न रूक्छ न रोक्छ
यो चल्दै नै जान्छ, चल्दै नै जान्छ
सबैलाई हसाउँछ, सबैलाई रूवाउँछ

जीवन नै मित्र हो
जीवन नै शत्रु हो
समय नै मित्र हो
समय नै शत्रु हो

# टुक्का



✍ **कृष्णकुमार वैद्य**

१
मौनता नबुझ्नेले कहाँ बुझ्छ शब्द,
अबुझको भिडमा शून्य हुन्छ लब्ध ।

२.
माल पाएर चाल नपाउने सिल्ली,
नीति विचार शून्य उडाउँछ खिल्ली ।

३.
आमाको काख छोराछोरीलाई लाख,
कर्म नगरेमा हुन्छ भविष्य राख ।

४.
नयाँ अनुहारका पनि उही ताल,
पुरानैको सालमा जोडिएको नाल ।

५.
विदेशी उत्पादनले बजार भर्छ,
स्वदेशीय बजार नपाएर मर्छ ।

*बनेपा-९, काभ्रे*

# राजनीति



✍ **सुनिल तामाङ**

राजनीति भनेको के होला
भ्रष्टाचारी नेताहरूले भरी राख्छन्
आफ्नै धुनको झोला
देशको कस्ले विकास गर्छ होला
विकास गर्न मानिसलाई हेला गर्छन् यहाँ
नेताहरू विकास होइन कुरामात्र गर्छन्
देशको विकास चाहि कहिले हुने होला ?
देशको युवा घट्दै गएको छ
असहाय र गरिबीको बच्चा
रोजगारीको अवसर प्राप्त नभएर
कुलतको दलदलमा फस्दै गएको छ
देश मात्र नामको भइरहेको छ ।
देश बेचेर भ्रष्टाचारी नेताहरुले खाइरहेको छ
धनिहरुले न्याय पाइरहेकै छ ।
गरिबहरुले हिंसा र अत्याचार सहिरहेकै छ ।

*कक्षा-७, अमर मावि, हेटौँडा-१*

# घाम



✍ **निशा नेपाली**

राती जुन टल्किन्छ
बिहान घाम झुल्किन्छ
हेर्छु म त घाम
म घरमा गर्छु धेरै काम

कहिले घाम कहिले पानी
हुन्छ हाम्रो जिन्दगानी
घाम हुन्छ माथि
हाम्रो नि हुन्छ साथी

पानी पर्छ ठूलो
घाम लाग्छ चर्को
साथीको हुन्छ लर्को
खेल्न लाग्छ झर्को

*कक्षा-४, कमाने एकेडेमी, हेटौँडा-८*

# साताको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष: राशि**: समय मध्यम फलदायी छ । अध्ययन, अध्यापनमा त्यति मन नजाला । व्यापार व्यवसाय मध्यम नै मान्नु पर्दछ । धार्मिक र सामाजिक दायित्व बढ्ला । अरुको काममा समय व्यतित हुँदा दुख पाइएला । भ्रमण योगमा सरिक भइनेछ ।

**वृष राशि**: सन्तुष्टी प्राप्त हुने काममा सरिक भइनेछ । जग्गा, जमिनसम्बन्धी कारोबारमा मन जाला । जिम्मेवारी र कर्तव्यप्रति सचेत हुँदा राम्रो रहन्छ । नयाँ कार्य र परियोजनाहरुमा सरिक भइनेछ । बाँकी बक्यौता रकम उठ्ने योग छ । रोकिएका कामहरु बन्नेछन् । पढाइ, लेखाइ र व्यापार-व्यवसाय ठिकै रहनेछ ।

**मिथुन राशि**: कार्यक्षेत्र, व्यवसायका काममा व्यस्त रहनुपर्ला । परीक्षा, प्रतियोगितामा सफलता प्राप्त होला । आत्मबल, हौसला र प्रतिष्ठामा वृद्धि हुनेछ । अन्तरवार्तामा सफलता हासिल होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने योग छ । व्यापार, व्यवसायबाट लाभ प्राप्त होला, अध्ययन, अध्यापन मध्यम कारक रहन्छ ।

**कर्कट राशि**: अचानक आर्थिक लाभ प्राप्त होला । प्रेम र परिवारमा आत्मीयता बढ्ला । इष्टमित्रको शुभकामना प्राप्त होला । धार्मिक तथा सामाजिक अनि साँस्कृतिक काममा रुचि बढ्ला । सामाजिक यश र प्रतिष्ठामा वृद्धि होला । शान्त र स्थिर मतिको उदय हुनेछ । पढाइ, लेखाइ ठिकै छ । कर्मफल राम्रो प्राप्त हुने समय छ ।

**सिंह राशि**: मनमा चिन्ता र शंका बढ्न सक्छ । रोकिएका काम बन्न सक्छ । निर्णायक काममा भने द्विविधा होला । जोखिमयुक्त काममा सचेतता अपनाउँदा राम्रो । स्वास्थ्यमा समस्या योग आइपर्ला । दिकदारी र चिड्चिडेपन बढ्न सक्छ । धार्मिक तथा सामाजिक अनि व्यापार, व्यवसाय ठिकै रहला ।

**कन्या राशि**: माया, प्रेम रतिरागमा समय व्यतित होला । मातृपक्षको सल्लाहले सफलता प्राप्त हुनेछ । साझेदारीको कामबाट लाभ प्राप्त होला । प्रशासनिक र सरकारी कामबाट लाभ प्राप्त होला । आफन्तसँग आत्मीयता बढ्न सक्छ । भेटघाटमा समय व्यतित होला । धार्मिक तथा व्यापार व्यवसाय अनि पढाइ, लेखाइ ठिकै छ ।

**तुला राशि**: पुरुषार्थीको कामले समाजमा स्थापित भइनेछ । रोकिएका कामहरु बन्नेछन् । न्याय, प्रशासन र खेलकुदमा मन जाला । प्रतिस्पर्धी पराजित होलान् । खर्च बढ्नेछ । घमण्ड र अहंकारको उदय होला । व्यापार व्यवसाय साथ र धार्मिक तथा सामाजिक अनि पढाइ, लेखाइका काममा समय बित्ला ।

**वृश्चिक राशि**: आय-आम्दानी बढ्नेछ । सामाजिक तथा धार्मिक कृत्यमा सरिक भइनेछ । शैक्षिक क्षेत्रका कामबाट पनि लाभ हुनेछ । पारिवारिक बेमेल बढ्ला । बन्धुबान्धवले पनि मद्दत गर्नेछन् । व्यापार व्यवसाय मध्यम छ । अध्ययन, अध्यापनमा सरिक भइने योग छ ।

**धनु राशि**: आवेगलाई नियन्त्रण गर्दा राम्रो रहन्छ । आफन्तका विषयमा समय व्यतित हुनेछ । व्यापारमा नयाँ गति दिने प्रयत्न होला । लोममा नभुलिँदा राम्रो । व्यस्ततामा समय व्यतित हुनेछ । इच्छाको कदर होला । साथीको सहयोगले लाभ, नकारात्मक उर्जामा कमि आउला । स्वास्थ्य बाधा हुनेछ । पढाइ-लेखाइ मध्यम छ ।

**मकर राशि**: प्रतिष्ठामा बृद्धि हुनेछ । ताकेका र चिताएका काममा समय व्यतित होला । धार्मिक तथा सामाजिक काममा सरिक भइएला । तीर्थब्रत, देवालयको भ्रमण होला । दुर्घटनाबाट बच्दा राम्रो । स्वास्थ्यमा समस्या योग आइपर्ला । व्यापार व्यवसाय मध्यम छ । अध्ययन-अध्यापन ठिकै रहला । पराक्रम र साहसले काममा पूर्णता होला ।

**कुम्भ राशि**: अचल धनको उपयोगबाट फाइदा हुनेछ । मिहिनेतले धनागमनको स्रोत बढ्नेछ । अड्किएको सम्पत्ति फिर्ता होला । सहयोगको आदानप्रदान बढ्नेछ । स्वास्थ्यमा सुधार होला । आन्तरिक क्षमतामा वृद्धि होला । घुमघाममा समय व्यतित होला । व्यापार, व्यवसाय र धार्मिक एवम् सामाजिक कार्यमा सरिक भइनेछ ।

**मीन राशि**: महत्वाकांक्षा बढ्ला । उत्साह जाग्नेछ । अल्छिपन बढ्न सक्छ । प्रतिफल प्राप्त गर्न मज्जाले खटिनुपर्ने योग छ । व्यापार र उधारो कारोबार गर्नका लागि धन र ऋण बढ्न सक्छ । काममा प्रगति बढ्ने योग छ । सामाजिक तथा धार्मिक काममा सरिक भइनेछ । परोपकारजन्य काममा दिन व्यतित होला ।

# मेरो प्रश्नको जवाफ



✍ **आराध्या श्रीवास्तब**

मेरो प्रश्नको जवाफ दिनु बाबा,
के छोरी भएर जन्मिनु अभिशाप हो ?
किन छोरी जन्मिनु अगाडि नै कोखमा मारिएको ?
किन छोरी र छोरा समान छैनन् ?

मेरो प्रश्नको जवाफ दिनु बाबा,
मेरो प्रश्नको जवाफ दिनु आमा,
किन महिनावारी हुँदा अभिशाप जस्तो लाग्छ ?
किन हामी छोरीले सधै पीडा सहेर बस्नु ?
किन हामी आफ्नो हकका लागि आवाज उठाउन नसक्नु ?

मेरो प्रश्नको जवाफ दिनु आमा,
मेरो प्रश्नको जवाफ दिनु ए संसार,
किन छोरी पराया धन हो भनेर जन्मनु ?
किन छोरी र छोराले सिक्नु पर्ने कुरा छोरीले मात्रै सिक्नु ?
किन दिन दिनै छोरीको बलात्कार भयो भन्ने सूचना पाउनु ?
के छोरी निडर भएर बाटोमा हिड्न सक्दैन र ?
के छोराले गरेको कार्य छोरीले नि गर्न सक्दैन र ?

किन छोरीको व्यवहार र पहिरन हेरेर चरित्रमा प्रश्न उठाइएको ?
किन बलात्कारीले फाँसीको सजाय नपाएको ?
किन बिबाह भएपछि घरेलु हिंसा हुन्छ ?
किन छोरीलाई बोझ सम्झिएको होला ?
किन छोरी बाहिर त बाहिर घरमा पनि सुरक्षित रहेको छन ?
के आकाश सबैलाई उड्नलाई होइन र ?
के धर्ती सबैलाई ढक्कनलाई होइन र ?

*कक्षा-११, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट*

मनहरीको राजस्व मिनाहा विवाद

# विज्ञप्तिमार्फत जिससको ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडा: मनहरी गाउँपालिकामा नदीजन्य पदार्थको राजस्व मिनाहासम्बन्धमा आफ्नो ध्यानाकर्षण भएको जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले जनाएको छ। जिससले बिहीबार विज्ञप्ति जारी गर्दै मनहरी गाउँपालिकाको नदीजन्य पदार्थमा राजस्व मिनाहा सम्बन्धमा जिससको मिलेमतो भएको भन्ने विषयमा ध्यानाकर्षण भएको जनाएको हो।

जिसस मकवानपुरका प्रमुख ललित घलानले जारी गर्नुभएको विज्ञप्तिमा मनहरी गाउँपालिकाको नदीजन्य पदार्थको सम्बन्धमा नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिले गरेको निर्णय जानकारी गराइएको छ। जिल्ला अनुगमन समितिको बैठकले २०७९ भदौ २३ गते मनहरी गाउँपालिकाको स्टक प्रमाणित गरेको र उक्त प्रमाणीकरणका बारेमा गाउँ कार्यपालिकाको बैठकको निर्णयसहित २०७९ माघ ४ गते स्टक विवरण संशोधन गर्न गाउँपालिकाले जिल्ला अनुगमन समितिलाई पत्र पठाएको विज्ञप्तिमा जनाइएको छ।

पालिकाको पत्रअनुसार अध्ययन गर्न नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले माघ ९ गते उपसमिति गठन गरी फागुन १६ गते उपसमितिको प्रतिवेदनअनुसार नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठकले गाउँ कार्यपालिकाले गरेको निर्णय कार्यान्वयन गर्नुपर्ने भए संशोधन गरी जिल्ला समितिलाई जानकारी गराउने भनी निर्णय गरेको विज्ञप्तिमा जनाइएको छ।

# उपमहानगरमा नक्सा स्वीकृति लिने संख्या घट्दो

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाभित्र घर बनाउन नक्सा पेस गरी स्वीकृति लिने संख्या घट्दै गएको छ। आर्थिक वर्ष २०७९/०८० मा ३ सय ८७ जनाले घर निर्माणको नक्सा पेस गरी स्वीकृति लिएका छन्।

हेटौंडामा बढीजसो साढे २ तल्लाको घर बनाउनका लागि नक्सा स्वीकृति लिन आएको पाइएको नगर पूर्वाधार विकास महाशाखाका कर्मचारी शिवध्वज गोदारको भनाइ छ। उपमहानगरमा गत वर्षको तुलनामा घरको नक्सा स्वीकृति लिने संख्या घट्दो अवस्था रहेको उहाँले बताउनुभयो।

आर्थिक वर्ष २०७९/०८० मा १ नम्बर वडाबाट ६ जना, २ नम्बर वडाबाट १८ जना, ३ नम्बर वडाबाट १० जना, ४ नम्बर वडाबाट ३६ जना, ५ नम्बर वडाबाट ९३ जना, ६ नम्बर वडाबाट १९ जना, ७ नम्बर वडाबाट ३० जना, ८ नम्बर वडाबाट ६२ जनाले घर बनाउन स्वीकृति लिएको हेटौंडा उपमहानगरका सूचना अधिकृत भानुभक्त थपलियाले जानकारी दिनुभयो। उहाँका अनुसार ९ नम्बर वडाबाट ३१ जना, १० नम्बर वडाबाट ८ जना, ११ नम्बर वडाबाट १८ जना, १२ नम्बर वडाबाट ९ जना, १३ नम्बर वडाबाट ३ जना, १४ नम्बर वडाबाट २ जना, १५ नम्बर वडाबाट ६ जना, १६ नम्बर वडाबाट १० जना, १७ नम्बर वडाबाट १० जना, १८ नम्बर वडाबाट ६ जना र १९ नम्बर वडाबाट ७ जनाले नगरपालिकाबाट घर बनाउन नक्सा स्वीकृति लिएका छन्।

# नयाँ विद्यार्थीको स्वागतमा साँस्कृतिक कार्यक्रम

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१० स्थित नारायणी कलेजमा कक्षा ११ मा नयाँ भर्ना भएर आएका विद्यार्थीहरुका लागि स्वागत कार्यक्रम भएको छ। शुक्रबार कक्षा १२ का विद्यार्थीको आयोजना तथा शिक्षकहरुको व्यवस्थापकीय अभिभावकत्वमा साँस्कृतिक कार्यक्रमसहित नयाँ विद्यार्थीलाई स्वागत गरिएको छ।

करिब ४ सय जना विद्यार्थीहरुको सहभागितामा कार्यक्रम भएको हो। कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थीहरुले नृत्य तथा गायन कला प्रस्तुत गरेका थिए। आफ्ना विद्यार्थीहरुमा भएको गायन तथा नृत्यसम्बन्धी प्रतिभा प्रस्तुत गर्न तथा नयाँ भर्ना भएर आएका विद्यार्थीहरुलाई स्वागत गर्न कार्यक्रमको आयोजना गरिएको नारायणी कलेजका शिक्षक तथा कक्षा १२ का संयोजक कमल नेपालले बताउनुभयो। यसअघि कक्षा ११ का विद्यार्थीहरुका लागि अभिमुखीकरण कार्यक्रम र अहिले स्वागत कार्यक्रम गरेको संयोजक नेपालको भनाइ छ।

स्वागत कार्यक्रमको अवसरमा कक्षा १२ मा अध्यनरत छात्रा गीतादेवी प्रजापतिले प्रस्तुत गरेको चित्रकलाको कदर गरेर उनलाई सम्मान पनि गरिएको संयोजक नेपालले बताउनुभयो। प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नारायणी कलेजको व्यवस्थापन संकाय तथा विज्ञान संकायका शिक्षकहरुको उपस्थिति थियो।

# अबैध सामानसहित ४ वटा ट्रक नियन्त्रण

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रहरी कार्यालय बाराले एक कारोड ३२ लाख रुपैयाँ बराबरको अबैध सामानसहित ४ वटा ट्रक नियन्त्रणमा लिएको छ। प्रहरीले विभिन्न स्थानमा जाँदै गरेको ४ वटा ट्रकहरुलाई नियन्त्रणमा लिई एक करोड ३१ लाख ९५ हजार २५ रुपैयाँको सामान बरामद गरेको जानकारी दिएको छ।

बिहीबार दिउँसो १२ बजेर १५ मिनेटको समयमा वीरगञ्जबाट काठमाडौं जाँदै गरेको ना ६ ख ७१ नम्बरको ट्रकमा ३५ लाख २७ हजार ४ सय ७४ रुपैयाँ, वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बा ४ ख ११२५ नम्बरको ट्रकमा ३६ लाख ६२ हजार ९ सय ७२ रुपैयाँ, वीरगञ्जबाट रुपन्देहीतर्फ जाँदै गरेको ना ४ ख ९०९१ नम्बरको ट्रकमा २४ लाख ९९ हजार ५ सय ७९ रुपैयाँ र वीरगञ्जबाट रुपन्देहीतर्फ जाँदै गरेको ना ६ ख ३०२४ नम्बरका डिब्बा ट्रकमा ३४ लाख ९५ हजार बराबरको खुद्रा सामानहरु बरामद गरेको प्रहरीले जनाएको छ। प्रहरीले ट्रकहरुलाई रोकी सुरक्षाजाँच गर्दा ट्रकबाट बिलबिजकभन्दा बढी सामान पाइएको थियो। सामानहरुको श्रोत नखुलेपछि सामानसहित गाडीहरु पक्राउ गरी कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जानकारी दिएको छ।

# शुल्क घटाउन क्रान्तिकारीको माग

समाज संवाददाता

हेटौंडा: अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) ले विद्यालयले लिने गरेको चर्को शुल्क कम गर्न माग गर्दै हेटौंडा उपमहानगर पालिकालाई मागपत्र बुझाएको छ। शुक्रबार क्रान्तिकारी मकवानपुर जिल्ला अध्यक्ष सूर्य सी नेतृत्वमा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामालाई मागपत्र बुझाएको हो।

मागपत्रमा देशमा २०७२ सालको संविधान बनेपश्चात् संविधानमा व्यवस्था गरेको अनिवार्य र निःशुल्क शिक्षा पनि राज्यले पूर्णरुपमा लागू नगरेको भन्दै शिक्षा ऐनमा भएको विरोधाभाषपूर्ण धारामा टेकेर विभिन्न बहाना बनाएर सरकारी विद्यालयहरुले चर्को शुल्क लिइरहेका र निजी विद्यालयले पनि मनपरी रुपमा शुल्क असुल गरिरहेकाले नगरपालिकाले शैक्षिक क्षेत्रमा देखिएका तमाम विकृति, विसंगति र समस्याहरुको समाधान गर्नुपर्ने माग गरिएको छ।

क्रान्तिकारीले विद्यालयहरुले १० प्रतिशत छात्रवृत्ति दिनुपर्नेमा लक्षित वर्गमा नपुगेको पाइएकाले त्यसको तत्काल छानविन गरी छात्रवृत्तिको प्रावधान कार्यान्वयन गर्नुपर्ने माग गरेको छ। अध्ययन माध्यम भाषाको विभेदलाई अन्त्य गर्न शिक्षा ऐनको दफा ७ (१) मा भएको प्रावधानबमोजिम समान भाषा माध्यम लागू गरी विषयगत आवश्यकताको आधारमा अन्य भाषाको प्रयोग गर्नुपर्ने माग मागपत्रमा छ।

मागपत्रमा शैक्षिक क्षेत्रमा देखिएका समस्याहरुको समाधान नभएमा संगठन संघर्षमा होमिन बाध्य हुने र त्यसको जिम्मेवारी सम्बन्धित निकाय नै लिनुपर्ने चेतावनीसमेत दिइएको छ।

# विश्व मुटु दिवसमा रक्तदान कार्यक्रम

समाज संवाददाता

हेटौंडा: विश्व मुटु दिवसको अवसरमा शुक्रबार बिहान हेटौंडामा रक्तदान कार्यक्रम भएको छ। नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरको आयोजना तथा लायन्स क्लब अफ हेटौंडाको सहयोगमा भएको कार्यक्रममा २७ जनाले गरेका छन्।

रक्तदान कार्यक्रमअघि र्‍यालीको आयोजना गरिएको थियो। आज शनिबार पनि रक्तदान कार्यक्रमको आयोजना गरिएको छ। निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा शनिबार रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ।

# विद्यार्थीलाई प्रेरणा कार्यक्रम

समाज संवाददाता

हेटौंडा: हेटौंडा-२ स्थित ज्ञानोदय बालबाटिका एकेडेमीमा शुक्रबार विद्यार्थीलाई प्रेरणा कार्यक्रम गरेको छ। विद्यालय व्यवस्थापन समिटतिको आयोजनामा प्रेरणा कार्यक्रम गरिएको हो।

कार्यक्रममा प्रेरक वक्ता रवि किरणले २ घण्टा विद्यार्थीलाई प्रेरणा जगाउने कुरा गर्नुभएको थियो। कक्षा ४ देखि १० सम्मका विद्यार्थीलाई हौसला प्रदान गर्न र विद्यार्थीको आत्मबल बढाउन प्रेरणा कार्यक्रम गरेको विद्यालयका प्रिन्सिपल विन्दुगोपाल गोर्खालीले बताउनुभयो। कार्यक्रममा विद्यार्थीको सक्रिय सहभागिता रहेको थियो। यस्ता कार्यक्रमले विद्यार्थीहरुमा मित्रभाव, गुरुहरुप्रति सम्मान भाव र आमाबुबालाई इज्जत गर्ने भावनाको विकास गराउने प्रिन्सीपल गोर्खालीले बताउनुभयो।







# सिद्धार्थ शिशु सदनको क्याप्टेनमा असिम र प्रशंसा

समाज संवाददाता

हेटौंडा: हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन सेकेण्डरी स्कूलको क्याप्टेनमा छात्रतर्फ कक्षा १० का असिम कुइकेल र छात्रातर्फ कक्षा १० कै प्रशंसा अर्याल चयन भएका छन्। शुक्रबार विद्यालयमा भएको निर्वाचनबाट असिम र प्रशंसा स्कूल क्याप्टेन चयन भएका हुन्। विद्यालयले निर्वाचनबाट स्कुल क्याप्टेनसँगै भाइस-क्याप्टेन, हाउस क्याप्टेन र भाइस-क्याप्टेन पनि चयन गरेको छ। निर्वाचनमा कक्षा ५ देखि १० सम्मका ३ सय ४४ विद्यार्थीले मतदान गरेका थिए।

स्कुल भाइस-क्याप्टेनमा छात्रतर्फ कक्षा ९ का अग्रिम खड्का र छात्रातर्फ कक्षा ९ कै प्रिती यादव चयन भएकी छिन्। रेड हाउस क्याप्टेनमा कक्षा ९ का शुलभ झा र भाइस-क्याप्टेनमा कक्षा ७ का विश्व बेलवासे चयन भएका छन्। ग्रीनहाउस क्याप्टेनमा कक्षा ८ का आदित्य पराजुली र भाइस-क्याप्टेनमा कक्षा ७ का शिशिर बस्नेत चयन भएका छन्। ब्लु हाउस क्याप्टेनमा कक्षा ९ का प्रमिस गुरुङ र भाइस-क्याप्टेनमा कक्षा ७ का कृतार्थ ढोडारी चयन भएका छन्। यस्तै यल्लो हाउस क्याप्टेनमा कक्षा ८ का शुभम् कार्की र भाइस-क्याप्टेनमा कक्षा ८ कै आशिका ढकाल चयन भएका छन्।

विद्यार्थीलाई निर्वाचनको प्रक्रियाबारे अभ्यास गराउने र आ-आफ्नो पदमा रही भूमिका निर्वाह गर्ने, जिम्मेवारी बोध गराउने उद्देश्यले निर्वाचन गराएको विद्यालयका शिक्षक सुन्दर लुइटेल बताउनुहुन्छ। निर्वाचन प्रयोजनका लागि विद्यालयले निर्वाचन आयोगको कार्यालयबाटै मतपेटिका, मतदानस्थल निर्माणका लागि आवश्यक सामग्रीहरु ल्याएर प्रयोग गरेको थियो। विद्यार्थीको समग्र विकासका लागि विद्यालयले विविध क्रियाकलाप गर्दै आएको प्रिन्सीपल निर्मल पराजुलीले जानकारी दिनुभएको छ।

# तेस्रो मिस्टर मकवानपुर आज

समाज संवाददाता

हेटौंडा: हेटौंडामा आज तेस्रो मिस्टर मकवानपुर प्रतियोगिता हुँदैछ। प्रतियोगिता हेटौंडा उपमहानगरपालिकाको सहयोग तथा नेपाल शारीरिक सुगठन एवम् फिटनेस संघ मकवानपुरको आयोजनामा हुन लागेको हो। शनिबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै मिस्टर मकवानपुर प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाएको छ।

संघका अध्यक्ष राजेश भेटवालले प्रतियोगितामा ६ जना महिला र ४० जना पुरुषको सहभागिता हुने जानकारी दिनुभयो। संघका सचिव पासाङ लामाका अनुसार मकवानपुर जिल्लामै पहिलो पटक ४० वर्षभन्दा माथि उमेर समुहका व्यक्तिहरुको पनि सहभागिता रहने छ। प्रतियोगितामा ५५ केजीदेखि ७५ केजी तौलसम्मको खेलाडीहरुको सहभागिता हुने उहाँले बताउनुभयो। प्रतियोगितामा ५० केजीदेखि ६० केजी, ६० देखि ७० केजी, ७० देखि ७५ केजी तौलसमूहका खेलाडीहरु बीच प्रतिस्पर्धा हुनेछ। प्रतियोगितामा प्रथमले १ लाख रुपैयाँ, द्वितीयले ५० हजार रुपैयाँ र तृतीयले ३० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगितामा करिब १३ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ